रंगेली नगरपालिका मोरङ्ग द्वारा प्राकाशित

# रंगेली नगरपालिका

# स्थानीय राजपत्र

खण्ड :७ संख्या : १२ मिति : २०८०/०५/१५

## भाग २

## रंगेली नगरपालिका

रंगेली नगरपालिकाको शिक्षा नियमावली (दोस्रो संशोधन), २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले रंगेली नगरपालिकाको शिक्षा ऐन २०७९ को दफा ५८(१) बमोजिम नगर कार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ ।

## रंगेली नगरपालिकाको शिक्षा नियमावली (तेस्रो संशोधन), २०८०

नगर कार्यपालिका बाट स्वीकृत मितिः २०८०/०५/०७

**रंगेली नगरपालिकाको शिक्षा नियमावली (तेस्रो संशोधन), २०८०**

**प्रस्तावनाः** रंगेली नगरपालिकाको शिक्षा नियमावली (दोस्रो संशोधन),२०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले रंगेली नगरपालिकाको शिक्षा ऐन २०७९ को दफा ५८(१) बमोजिम कार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस नियमावलीको नाम " रंगेली नगरपालिकाको शिक्षा नियमावली (तेस्रो संशोधन) २०८०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **रंगेली नगरपालिकाको शिक्षा नियमावली (दोस्रो संशोधन), २०८० मा संशोधनः**

(१) रंगेली नगरपालिकाको शिक्षा नियमावली, २०८० को नियम ५० को उपनियम २ संग सम्बन्धित अनुसूचि १६ मा प्रधानाध्यापक छनौटका आधारहरुको क्र.सं. ३, ४, ५, तथा द्रष्टब्य २,३,४ र ५ मा देहाय बमोजिम संशोधन तथा द्रष्टब्य ७ झिकिएको छ ।

अनुसूचि १६

**नियम ५० को उपनियम (२) सँग सम्बन्धित**

**प्रधानाध्यापक छनौटका आधारहरू**

| क्र.सं | छनौटका आधारहरु | अङ्क |
|---|---|---|
| ३. | तालिम वापत (टि पी डी) | ०५ |
| ४. | सिकाइ उपलब्धि बापत | २५ |
| ५. | विद्यालय विकास प्रस्ताव | ३० |

**द्रष्टव्यः**

(२) शिक्षण अनुभव वापत अङ्ग प्रदान गर्दा सम्बन्धित तहमा स्थायी नियुक्ति पाई शिक्षण गरेको प्रति वर्षको १.५ अङ्कका दरले बढीमा १५ अङ्ग दिइनेछ ।

(३) तालीम वापत अङ्क प्रदान गर्दा प्रथम श्रेणीको भए ५ अङ्क द्वितीय श्रेणी भए ३ अङ्क र तृतीय श्रेणीको भए २ अङ्क दिइनेछ। श्रेणी नखुलेको तालीमलाई द्वितीय श्रेणीको अङ्क दिइनेछ ।

(४) सिकाइ उपलब्धि वापत अंक प्रदान गर्दा आफू अध्यापनरत माथिल्लो कक्षाका विद्यार्थीले सम्बन्धित विषयमा प्राप्त गरेको औषत प्राप्ताङ्कको पछिल्लो पाँच वर्षको अंकलाई गणना गरिनेछ ।सिकाई उपलब्धि वापत प्रत्यक वर्षको अंक दिदा ४० सम्म भए २ अंक, ६० सम्म भए ३ अंक, ८० सम्म भए ४ अंक र ८० भन्दा माथि भए ५ अंक प्रदान गरिनेछ ।

(५) विद्यालय विकास प्रस्ताव वापत अङ्क प्रदान गर्दा अति उत्तम भए ३० उत्तम भए २० अङ्क र सामान्य भए १० अङ्क प्रदान गरिनेछ । विद्यालय विकास प्रस्ताव बापत अङ्क प्राप्त गर्नको लागि त्यस्तो प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ।यसरी पेश भएको विद्यालय विकास प्रस्ताव तथा अन्य प्रधानाध्यापक छनौटका लागि आवश्यक आधार सम्बन्धि कागजातहरु मुल्याकंनका लागि विद्यालय व्यवस्थापन समितिले सिफारिस सहित नगर शिक्षा समिति समक्ष पठाउनु पर्नेछ । प्रधानाध्यापक छनौटका आधारहरुको मूल्याङ्कन नगर शिक्षा समितिले गर्नेछ।

(७) उल्लेखित अनुच्छेद झिकिएको छ ।

आज्ञाले
श्री ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत